ADVOCACY FORUM-NEPAL
एड्भोकेसी फोरम नेपाल
Lawyers Forum for Human Rights & Rule of Law

20 YEARS REDRESS
Ending Torture, Seeking Justice for Survivors

प्रेस बक्तव्य

## नेपाल : द्वन्द्वकालीन समयको बलात्कारको महत्वपूर्ण मुद्दा संयुक्तराष्ट्र संघमा दर्ता

६४औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस र लैंगिक हिंसाविरुद्धको सोह्र दिने कार्यक्रमको अवसरमा महिलाविरुद्धको हिंसा अन्त्य गर्न र न्यायमा महिलाको पहुँच बढाउन माग गर्दै गर्दा एड्भोकेसी फोरम र रिड्रेसले द्वन्द्वकालीन समयको लैंगिक हिंसाको एउटा महत्वपूर्ण मुद्दा आज संयुक्तराष्ट्र संघको मानवअधिकार समितिमा दर्ता गराएको छ ।

नेपाली सेनाद्वारा सामूहिक रूपमा बलात्कृत भएकी पूर्णमाया (नाम परिवर्तन गरिएको) ले नेपालमा न्याय पाउन असफल भएपछि उक्त मुद्दालाई अन्तर्राष्ट्रियस्तरमा उठाएकी हुन् ।

आफू यातनाबाट प्रताडित बन्नुपरेको घटनाका लागि नेपाललाई उत्तरदायी बनाउन उनका कानुन व्यवसायीले समितिसमक्ष माग गरेका छन् । दश वर्षे द्वन्द्वका दौरान बलात्कारको सिकार बन्न पुगेका सयौं अन्य पीडित महिलाहरूका लागि महत्वपूर्ण कदम चाल्दै पूर्णमायाका कानुन व्यवसायीले बलात्कारको मुद्दाको उजुरी प्रहरीसमक्ष ल्याउँदा लाग्ने ३५ दिने हदम्यादको कानुन विभेदकारी रहेको र यो नेपालको मानवअधिकारका प्रतिबद्धता विपरीत रहेको पहिचान गर्न समेत समितिलाई आह्वान गरेको छ ।

२०६१ सालमा पूर्णमायालाई उनको घरदेखि घिसार्दै सेनाको ब्यारेकसम्म लगी कम्तीमा चारजना सेनाले बलात्कार गरेका थिए । त्यसपछि उनलाई सडकमा मिल्काइएको थियो जसको कारण उनले गम्भीर चोट खेप्नुपरेको छ । कम्तीमा पनि एक जना पीडकको पहिचान गरी उक्त अपराधको जानकारी २०६३ सालमा नै सम्बन्धित अधिकारीसमक्ष गरिएको भएतापनि घटना भएको ६ वर्ष बितिसक्दा पनि कुनै अनुसन्धान भएको छैन ।

२०६८ सालमा उनका कानुन व्यवसायी र महिला अधिकारको क्षेत्रमा कार्यरत अन्य नेपाली संघसंस्थाहरूले उनको जाहेरी दर्ता गर्न खोज्दा ३५ दिने हदम्यादको कारण देखाई प्रहरीले दर्ता गर्न अस्वीकार गरेको थियो । जाहेरी दर्ता गर्न सर्वोच्च अदालतमा गरिएको अपिल खारेज भएपछि पीडित न्यायबाट वञ्चित बनेकी थिइन् ।

“यो मुद्दा एकजना पीडितको भएतापति यसले सयौंको संख्यामा यौन हिंसाबाट प्रताडित बनेका पीडितहरूको अनुभवलाई प्रतिनिधित्व गर्दछ”, पूर्णमायालाई कानूनी सहयोग गर्ने संस्था एड्भोकेसी फोरम नेपालका अध्यक्ष मन्दिरा शर्मा भन्नुहुन्छ ।

“जघन्य अपराधबाट प्रताडित बनेकाहरूलाई राज्य र समाज दुवैले जहिले पनि बेवास्ता गरेका कारण बलात्कार तथा अन्य यौनहिंसाको सवालमा पूर्ण दण्डहीनताको अवस्था रहेको छ र जसको फलस्वरूप महिला अधिकारलाई सम्मान नगर्ने संस्कार मौलाएको छ । पीडितहरूको तत्काल औषधोपचार र मनोवैज्ञानिक परामर्श गर्नु अत्यावश्यक भएतापनि सरकारी अन्तरिम राहत कार्यक्रम अन्तर्गत दिइने न्यूनतम राहत रकमबाट समेत यौनहिंसाका पीडितलाई वञ्चित गरिएको छ साथै उनीहरूलाई शान्तिप्रक्रियामा समेत सम्मिलित गरिएको छैन,” शर्मा थप्नुहुन्छ ।

”यस्ता मुद्दालाई संबोधन नगरिकनु भनेको अन्तर्राष्ट्रिय मानवअधिकारको गम्भीर उल्लंघन हुनु हो,” रिड्रेसका सारा फुल्टोन भन्नुहुन्छ । प्रस्तुत मुद्दालाई उठाउन रिड्रेसले एड्भोकेसी फोरससँग सहकार्य गरेको थियो । “अन्तर्राष्ट्रिय कानुनअन्तर्गत बलात्कार यातनाको दायराभित्र पर्दछ । यातनाको दायरामा पर्ने अपराधमा कुनै हदम्याद लगाउनुहुँदैन” फुल्टोन अगाडि भन्नुहुन्छ ।

“योभन्दा पनि दुःखलाग्दो त बलात्कारको मुद्दालाई अभियोजन गर्ने क्रममा बाधा पुऱ्याएर र द्वन्द्वकालीन समयका यौनजन्य हिंसाका मुद्दामा निष्क्रिय रहेर नेपाल महिलाविरुद्ध गरिने भेदभावको पनि दोषी भएको छ जुन मानवअधिकारका आधारभूत सिद्धान्तको विरुद्ध छ” फुल्टन थप्नुहुन्छ ।

नेपाल आफनो आइसिसिपिआरको सन्धिदायित्वको उल्लंघन गरेको हो वा हैन भनी मानवअधिकार समितिको राय नआउन्जेल नेपाल सरकारले कुरेर बस्नुपर्ने कुनै जरुरत छैन, बरु बलात्कार तथा अन्य यौनहिंसामा लामो समय देखि जारी दण्डहीनतालाई सम्बोधन गर्ने यस सुअवसरबाट चुक्नुहुँदैन भनी एड्भोकेसी फोरमका निर्देशक डा. हरिवंश त्रिपाठीले बताउनुभयो ।

यदि सरकार आफनो दायित्वप्रति साच्चिकै प्रतिबद्ध छ भन्ने कुरा देखाउन चाहेको छ भने यस्ता प्रकारका मुद्दाहरूमाथि अविलम्ब अनुसन्धान तथा अभियोजनको सुरुवात र पीडितको जीवनलाई पुनः पहिलाको अवस्थामा पुऱ्याउनका निम्ति आवश्यक सहयोग गर्नुपर्दछ ।

३५ दिने हदम्यादको वर्तमान कानुनी व्यवस्थाले महिलाहरूको न्यायमा पहुँचलाइ कुण्ठित गरेको ठहर गर्दै सर्वोच्च अदालतले सरकारलाई कानुन संशोधन गर्न आदेश गरिसकेको अवस्था छ । उक्त फैसलाले यस्ता प्रकारका मुद्दामा अनुसन्धान गर्न सकिने स्पष्ट आधार खडा गरेको छ ।

थप जानकारीका लागि सम्पर्क गर्नुहोस्:

**Mandira Sharma, Advocacy Forum at +977 985 1048475, Dr. Hari Bansh Tripathi at htripathi@advocacyforum.org or at +977-9841471184 or Sarah Fulton, REDRESS, at sarah@redress.org or +44 (0) 20 3286 5435**